विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक, दोलखा जिल्ला बागमती प्रदेश, नेपाल २०७३

## मिति २०७८।०७।२३ गतेको छैठौं विगु गाउँकार्यपालिका बैठकको निर्णयहरु ।

**प्रस्तावहरु :**

१. करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा नविकरणका सम्बन्धमा ।
२. अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५ अनुसारको समन्वय समिति गठनका सम्बन्धमा ।
३. रकमान्तरका सम्बन्धमा ।
४. विगु अस्पताल संचालनका सम्बन्धमा पेश भएको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा ।
५. गाउँ शिक्षा समिति गठन गर्ने सम्बन्धमा ।
६. घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।
   क) रितीन कन्स्ट्रक्सन प्रा.ली.
   ख) बुलुङ कन्स्ट्रक्सन प्रा.ली.
   ग) दोलखाली कन्स्ट्रक्सन प्रा.ली.
७. पूर्वाधार विकास शाखा (प्राविधिक) कर्मचारीहरुलाई तोकीएको २० प्रतिशत फिल्ड भत्ता असोज १ बाट लागु हुने गरी उपलब्ध गराउने सम्बन्धमा ।
८. वडा नं. ७ वडाकार्यालय भवन निर्माण कम्पनी (लामाबुद्ध निर्माण तथा सामाग्री सप्लायर्स प्रा.ली.) लाई कालोसूचीमा राख्ने सम्बन्धमा ।
९. वडा नं. ४ वडाकार्यालय भवन निर्माण कम्पनी (लामाबुद्ध निर्माण तथा सामाग्री सप्लायर्स प्रा.ली.) को धरौटी रकम जफत गरी उक्त भवनको मर्मत सम्भार सोही रकमबाट गर्ने सम्बन्धमा ।
१०. स्काभेटर अपरेटर तथा सहायक अपरेटर दुर्घटनाको उपचार रकम सहयोग गर्ने सम्बन्धमा ।
११. बहुक्षेत्रिय पोषण कार्यक्रमको संशोधित कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
१२. सार्वजनिक भवन निर्माण गर्दा सरकारी जग्गामा बनेका भवनहरुको अवस्थाका सम्बन्धमा ।
१३. सामाजिक सुरक्षा भत्ता वितरणका सम्बन्धमा ।
१४. विगु गाउँपालिकाबाट अनुदान प्राप्त संघ संस्थाको बर्तमान गतिविधिको अवस्थाका सम्बन्धमा ।
१५. विभिन्न संघ, संस्था तथा युवा क्लवहरुलाई आर्थिक सहयोगका सम्बन्धमा ।
१६. रुप्थाङ खोला जलविद्युत र नंगरा घट्टेखोला जलविद्युत अस्थव्यस्त भएकोमा व्यवस्थापन गर्ने सम्बन्धमा ।
१७. विपद व्यवस्थापनका सम्बन्धमा ।
१८. अध्यक्षसँग शिक्षा र विद्यार्थी कार्यक्रमका सम्बन्धमा ।
१९. अन्तराष्ट्रिय संघ, संगठनसँग सहकार्य तथा समन्वयका लागि भगीनी सम्बन्धमा ।
२०. आलम्पुको ढुंगाखानीको समस्या समाधानका सम्बन्धमा ।
२१. ओराङ खोला चिप्लेढुंगा झोलुङ्गे पुल निर्माणका सम्बन्धमा ।
२२. मैरे खोलाको पुल जिर्ण भएकोमा सम्बन्धमा ।
२३. पालिकास्तरिय योजना शिव मन्दिर वडा नं. २ को शिर्षक सच्याउने सम्बन्धमा
२४. सोरुङ खोलामा रहेको झोलुङ्गे पुल आलम्पु र चिलंखा सिमाना कोथली खोलामा सार्ने सम्बन्धमा ।
२५. निर्माणाधिन झोरुङ खोला पुलका सम्बन्धमा ।
२६. विगु गाउँपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा ।
२७. उद्यम विकास कार्यक्रमका सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा विगु गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा करार सेवामा हाल कार्यरत कर्मचारीहरुको करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम कार्य गर्ने गरी करार सेवा अवधि २०७८ असोज १ गते देखि पौष मसान्त सम्म म्याद

थप गर्ने र त्यस पश्चात सोही मापदण्ड को अनुसूची १ अनुसार कार्यसम्पादन मूल्यांकन फारमको ढाँचा अनुरुप कर्मचारीहरुले विगु गाउँपालिकाको कार्यालयमा पेश गरी कार्यसम्पादन मूल्यांकनको आधारमा मात्र नयाँ अवधिको करार सम्झौता गर्ने निर्णय गरियो । साथै करार नविकरणको लागि निवेदन पेश नगर्ने कर्मचारीहरुलाई स्पष्टिकरण सोधि जवाफ मनासिव एवं सन्तोषजनक देखिएमा करार नविकरण गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा विगु गाउँपालिकाका अपांगत भएका व्यक्तिहरुलाई अपांगता परिचय पत्र वितरण गर्ने सम्बन्धमा विगु गाउँपालिकाको अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ अनुसार तपसिल बमोजिमका पदाधिकारी रहने गरि परिच्छेद ३ बुदा ३ अनुसारको समन्वय समिति गठन गरियो ।

क) गाउँपालिका उपाध्यक्ष : श्री देविका थामी
ख) महिला सदस्य श्री टलमाई तामाङ : सदस्य
ग) श्री सुदाम के.सी. (प्र.अ. चित्रे मा.वि.) : सदस्य
घ) विगु स्वास्थ्य सेवा केन्द्र सिंगटी, मेडिकल अधिकृत : सदस्य
ङ) इलाका प्रहरी कार्यालय, सिंगटी प्रमुख : सदस्य
च) श्री रस बहादुर तमाङ (अपांगता व्यक्तिहरुबाट) : सदस्य
छ) श्री दिल बहादुर थामी (अपांगता व्यक्तिहरुबाट) : सदस्य
ज) इलाका प्रशासन कार्यालय, सिंगटी प्रमुख : सदस्य
झ) श्री पुजन प्रसाद अधिकारी : सदस्य

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा विगु गाउँपालिकाको आ.व. २०७९।०८० को तपसिलमा उल्लेखित योजना तथा कार्यक्रमहरुको रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | घटाउने योजना तथा कार्यक्रम शिर्षक | घटाउने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खोलाखर्कबाट वडा नं. ८ का लागि खानेपानी योजना | विविध खर्च | रु. २,७२,०००।- | |

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा विगु गाउँपालिका विगु ४ सिंगटीमा संचालन भईरहेको विगु अस्पतालको नाम परिवर्तन गरि विगु स्वास्थ्य सेवा केन्द्र, सिंगटी नामबाट संचालन गरि तपसिल बमोजिका पदाधिकारीहरु रहने गरि विगु स्वास्थ्य सेवा केन्द्र व्यवस्थापन तथा संचालनको लागि समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

क) उपाध्यक्ष श्री देविका थामी : संयोजक
ख) ४ नं. वडाध्यक्ष श्री रामचन्द्र खड्का : सदस्य
ग) विगु स्वास्थ्य सेवा केन्द्र, सिंगटी (मेडिकल अधिकृत) : सदस्य
घ) श्री पुजन प्रसाद अधिकारी : सदस्य
ङ) श्री रत्न बहादुर थामी : सदस्य सचिव

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा विगु गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७४ को दफा १६ अनुसार तपसिल बमोजिका पदाधिकारीहरु रहने गरि विगु गाउँ शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

क) गाउँपालिका अध्यक्ष श्री संजिव वली : संयोजक
ख) श्री लोक बहादुर नेपाली (कार्यपालिका सदस्य) : सदस्य
ग) श्री ज्योती माया थामी (कार्यपालिका सदस्य) : सदस्य
घ) श्री सुदाम के.सी. (प्र.अ. चित्रे मा.वि.) : सदस्य
ङ) श्री लुक माया तामाङ (प्र.अ. ढुंगेश्वरी प्रा.वि.) : सदस्य
च) श्री धन बहादुर ठकुरी (वि.व्य.स अध्यक्ष, शान्ति आदर्श मा.वि.) : सदस्य
छ) श्री प्रविन खड्का (समाजसेवी, शिक्षा प्रेमी) : सदस्य
ज) श्री भिमसेन वि.क. (समाजसेवी, शिक्षा प्रेमी) : सदस्य
झ) श्री विमला ठकुरी (समाजसेवी, शिक्षा प्रेमी) : सदस्य
ञ) श्री ओमकृष्ण आचार्य (समाजसेवी, शिक्षा प्रेमी) : सदस्य
ट) प्रमुख प्रशासकीय अधिकृत : सदस्य
ठ) शिक्षा अधिकृत : सदस्य सचिव

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा विगु गाउँपालिकाको घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि, २०७४ बमोजिम तपसिलमा उल्लेखित निर्माण कम्पनीहरुलाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

क) रितीन कन्स्ट्रक्सन प्रा.ली.
ख) बुलुङ कन्स्ट्रक्सन प्रा.ली.
ग) दोलखाली कन्स्ट्रक्सन प्रा.ली.

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा विगु गाउँपालिकामा कार्यरत पूर्वाधार विकास शाखा (प्राविधिक) कर्मचारीहरुलाई मिति २०७९।०३।१० को गाउँसभाद्धारा तोकिएको २० प्रतिशत फिल्ड भत्ता असोज १ बाट लागु हुने गरि उपलब्ध गराउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा वडा नं. ७ वडाकार्यालय भवन निर्माण कम्पनी (लामाबुद्ध निर्माण तथा सामाग्री सप्लायर्स प्रा.ली.) लाई कालोसूचीमा राख्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा वडा नं. ४ वडाकार्यालय भवन निर्माण कम्पनी (लामाबुद्ध निर्माण तथा सामाग्री सप्लायर्स प्रा.ली.) को धरौटी रकम जफत गरी उक्त भवनको मर्मत सम्भार सोही रकमबाट गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा विगु गाउँपालिकाको स्काभेटर अपरेटर श्री कृपक केसी र सहायक अपरेटर विर बहादुर लामिछाने कामको सिलसिलामा सडक दुर्घटना परि उपचार खर्च भएको कृपक केसीको रु. ७,६६१।- र विर बहादुर लामिछानेको रु. ८,८५६।- खर्च रकम पालिकाबाट व्यहोरी आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा बहुक्षेत्रिय पोषण कार्यक्रमको संशोधित कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ उपर छलफल गर्दा विगु गाउँपालिकाको सार्वजनिक भवनहरुको अवस्थाको विषयमा गाउँपालिका उपाध्यक्ष श्री देविका थामीज्यूको संयोजकत्वमा रहेको गाउँपालिका स्तरिय अनुगमन समितिद्धारा अनुगमन गरी उक्त सम्पत्तिहरुको विवरण अभिलेखीकरण गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ उपर छलफल गर्दा सामाजिक सुरक्षा भत्ता वितरणका लागि नियमानुसार आवश्यक कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ उपर छलफल गर्दा विगु गाउँपालिकाबाट अनुदान प्राप्त संघ, संस्थाहरुको बर्तमान अवस्थाको पालिकास्तरिय अनुगमन समितिद्धारा अनुगमन गरि के कस्तो अवस्थामा रहेको सम्बन्धमा अध्ययन गरि प्रतिवेदन गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ उपर छलफल गर्दा विगु गाउँपालिकाको कार्यालयमा विभिन्न कार्यक्रमहरुको निम्ति संघ, संस्था तथा युवाक्लवले आर्थिक सहयोग माग गर्ने गरेकोमा गाउँपालिकाको निर्णयबमोजिम प्रदान गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ उपर छलफल गर्दा विगु गाउँपालिका विगु ७ मा रहेको रुप्थाङ जलविद्युत र विगु ६ मा रहेको नंगरा घट्टेखोला जलविद्युत अस्थव्यस्त भएकोमा विगु गाउँपालिकाको पालिकास्तरिय अनुगमन समिति द्धारा अनुगमन गरि उक्त जलविद्युत व्यवस्थापन तथा संचालन समितिलाई आवश्यक निर्देशन गर्ने निर्णय गरियो ।

१७. प्रस्ताव नं. १७ उपर छलफल गर्दा विगु गाउँपालिकाको विपद व्यवस्थापन कोष कार्यविधि २०७८ लाई स्वीकृत गरियो ।

१८. प्रस्ताव नं. १८ उपर छलफल गर्दा अध्यक्षसँग शिक्षा र विद्यार्थी कार्यक्रमका सम्बन्धमा गाउँ शिक्षा समितिबाट योजना बनाउन लगाई सोही अनुरुप कार्यान्वयन गर्ने निर्णय गरियो

१९. प्रस्ताव नं. १९ उपर छलफल गर्दा श्रीलंका र फिलिपिन्सको स्थानीय परिषदहरुसँग विगु गाउँपालिकाको सामाजिक विकासतर्फका कार्यहरुमा सहजता, समन्वय र सहकार्य गर्ने प्रयोजनार्थ भगिनि सम्बन्धमा स्थापना गर्ने निर्णय गरियो ।

२०. प्रस्ताव नं. २० उपर छलफल गर्दा विगु गाउँपालिकामा वि.स २०13 सालदेखि संचालनमा रहेको ढुंगाखानीको समस्याका समाधानका सम्बन्धमा गौरीशंरक्षण संरक्षण कार्यालय, सिंगटीसँग गाउँकार्यपालिकाका सदस्यहरुको बैठक बसी समस्या समाधान गर्ने निर्णय गरियो ।

२१. प्रस्ताव नं. २१ उपर छलफल गर्दा विगु २ र विगु ३ जोड्ने खोला ओराङ खोला चिप्लेढुंगामा झोलुङ्गे पुल निर्माणका लागि आवश्यक कार्यप्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२२. प्रस्ताव नं. २२ उपर छलफल गर्दा विगु २ स्थित मैरे खोलाको पुल जिर्ण भएकोमा वि गाउँपालिकाको प्राविधिक कर्मचारी सहित अनुगमन गरि आवश्यक कार्यप्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२३. प्रस्ताव नं. २३ उपर छलफल गर्दा विगु गाउँपालिकाको पालिकास्तरिय योजना शिव मन्दिर निर्माण वडा नं. २ भएको हुदा उक्त योजनाको शिर्षक शिव मन्दिर वडा नं. १ कायम गर्ने निर्णय गरियो ।

२४. प्रस्ताव नं. २४ उपर छलफल गर्दा सोरुङ खोलामा रहेको झोलुङ्गे पुल, आलम्पु र चिलंखा सिमाना कोथली खोलामा सार्ने सम्बन्धमा प्राविधिक निरीक्षण गरि आवश्यक कार्यप्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२५. प्रस्ताव नं. २५ उपर छलफल गर्दा विगु ४ र विगु ५ जोड्ने निर्माणाधिन झोरुङ खोला मोटेरेबल पुलको सम्बन्धमा निर्माण कम्पनीलाई पत्राचार गरि म्याद भित्र सम्पन्न गराउन निर्देशन गर्ने र म्याद भित्र सम्पन्न नगरे सम्झौता रद्ध गर्ने तर्फ कार्यप्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

२६. प्रस्ताव नं. २६ उपर छलफल गर्दा विगु गाउँपालिको प्रवक्ता श्री लोक बहादुर नेपालीलाई ताकीएको निर्णय गरियो ।

२७. प्रस्ताव नं. २७ उपर छलफल गर्दा यस आ.व. २०७८।८० का लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमतर्फका विगु गाउँपालिका उद्युम विकास समितिद्धारा सिफारिस गरिएको कार्यक्रमहरुको निर्णय स्वीकृत गरियो ।